# प्रदेश लोक सेवा आयोग

प्रदेश नं. १, विराटनगर, नेपाल

(सूचना सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## स्थानीय सरकारी सेवाका विभिन्न सेवा समूहका अप्राविधिक तर्फका पदहरुको आ.प्र, खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ६४/२०७९-८०, मिति २०७९/०९/२५ गते सोमबार**

स्थानीय सरकारी सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका आ.प्र, खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.p1.gov.np मार्फत आवेदन दिनु पर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको रोजाई प्राथमिकताक्रम अनुसार स्थानीय तह तोकी सिफारिस गरिनेछ । यसरी सिफारिस भएका उम्मेदवारलाई सम्बन्धित स्थानीय तहले नै स्थायी नियुक्ति दिनेछन्। सेवाका सर्त र तलब तथा अन्य सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

| क्र.स. | विज्ञापन नम्बर | किसिम | पद | तह | सेवा | समूह/उपसमूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७२/२०७९-८० | खुला | सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | ३८ | फाकफोकथुम गाउँपालिका,इलाम | १ |
| | | | | | | | | कटारी नगरपालिका,उदयपुर | १ |
| | | | | | | | | वेलका नगरपालिका,उदयपुर | १ |
| | | | | | | | | ताप्ली गाउँपालिका,उदयपुर | १ |
| | | | | | | | | सुनकोशी गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | चम्पादेवी गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | चिशंखुगढी गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | मानेभञ्ज्या गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | लिखु गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | सिद्धिचरण नगरपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | खिजीदेम्वा गाउँपालिका, ओखलढुङ्गा | १ |
| | | | | | | | | हलेसीतुवाचुङ नगरपालिका,खोटाङ | १ |
| | | | | | | | | केपिलासगढी गाउँपालिका,खोटाङ | १ |
| | | | | | | | | गौरीगञ्ज गाउँपालिका,झापा | १ |
| | | | | | | | | गौरादह नगरपालिका,झापा | १ |
| | | | | | | | | मिक्वाखोला गाउँपालिका,ताप्लेजुङ | १ |
| | | | | | | | | फूङलिङ नगरपालिका,ताप्लेजुङ | १ |
| | | | | | | | | मैवाखोला गाउँपालिका,ताप्लेजुङ | १ |
| | | | | | | | | सिरिजङ्घा गाउँपालिका,ताप्लेजुङ | २ |
| | | | | | | | | महालक्ष्मी नगरपालिका,धनकुटा | १ |
| | | | | | | | | साँगुरीगढी गाउँपालिका,धनकुटा | १ |
| | | | | | | | | फालेलुङ गाउँपालिका,पाँचथर | १ |
| | | | | | | | | टेम्केमैयुङ गाउँपालिका,भोजपुर | १ |
| | | | | | | | | हतुवागढी गाउँपालिका,भोजपुर | ३ |
| | | | | | | | | रतुवामाई नगरपालिका,मोरङ | २ |
| | | | | | | | | धनपालथान गाउँपालिका,मोरङ | २ |
| | | | | | | | | धर्मदेवी नगरपालिका,संखुवासभा | १ |
| | | | | | | | | चैनपुर नगरपालिका,संखुवासभा | १ |
| | | | | | | | | भोक्राहा नरसिंह गाउँपालिका,सुनसरी | १ |
| | | | | | | | | धरान उपमहानगरपालिका,सुनसरी | २ |
| | | | | | | | | महाकुलुङ गाउँपालिका,सोलुखुम्बु | १ |

| क्र.स. | विज्ञापन नम्बर | किसिम | पद | तह | सेवा | समूह/उपसमूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | नेचा सल्यान गाउँपालिका,सोलुखुम्बु | १ |
| | | | लेखा सहायक | ५ | प्रशासन | लेखा | ४ | मेचीनगर नगरपालिका, झापा | १ |
| | | | | | | | | फूङलिङ नगरपालिका,ताप्लेजुङ | १ |
| | | | | | | | | याङवरक गाउँपालिका, पाँचथर | १ |
| | | | | | | | | पथरी शनिश्चरे नगरपालिका,मोरङ | १ |
| | | | आन्तरिक लेखा परीक्षण सहायक | ५ | प्रशासन | आन्तरिक लेखा परीक्षण | ३ | गौरादह नगरपालिका,झापा | १ |
| | | | | | | | | महालक्ष्मी नगरपालिका,धनकुटा | १ |
| | | | | | | | | टेम्केमैयुङ गाउँपालिका,भोजपुर | १ |
| २ | ७३/२०७९-८० | महिला | सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | ४ | फाकफोकथुम गाउँपालिका,इलाम | १ |
| | | | | | | | | हतुवागढी गाउँपालिका,भोजपुर | १ |
| | | | | | | | | रतुवामाई नगरपालिका,मोरङ | १ |
| | | | | | | | | भोक्राहा नरसिंह गाउँपालिका,सुनसरी | १ |
| | | | आन्तरिक लेखा परीक्षण सहायक | ५ | प्रशासन | आन्तरिक लेखा परीक्षण | ५ | लिखु गाउँपालिका, ओखलढुङ्गा | १ |
| | | | | | | | | सिरिजङ्घा गाउँपालिका, ताप्लेजुङ | १ |
| | | | | | | | | लालीगुराँस नगरपालिका, तेह्रथुम | १ |
| | | | | | | | | हरिनगर गाउँपालिका, सुनसरी | १ |
| | | | | | | | | देवानगञ्ज गाउँपालिका, सुनसरी | १ |
| ३ | ७४/२०७९-८० | आ.ज. | सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | २६ | सूर्योदय नगरपालिका,इलाम | १ |
| | | | | | | | | सन्दकपुर गाउँपालिका,इलाम | १ |
| | | | | | | | | माङसेबुङ गाउँपालिका,इलाम | १ |
| | | | | | | | | सुनकोशी गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | चम्पादेवी गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | मानेभञ्ज्या गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | खिजिदेम्बा गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | लिखु गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | सिद्धिचरण नगरपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | आठराई त्रिवेणी गाउँपालिका, ताप्लेजुङ | १ |
| | | | | | | | | मिक्वाखोला गाउँपालिका,ताप्लेजुङ | १ |
| | | | | | | | | फूङलिङ नगरपालिका,ताप्लेजुङ | १ |
| | | | | | | | | सिरिजङ्घा गाउँपालिका,ताप्लेजुङ | १ |
| | | | | | | | | साँगुरीगढी गाउँपालिका,धनकुटा | १ |
| | | | | | | | | चौविसे गाउँपालिका,धनकुटा | १ |
| | | | | | | | | फालेलुङ गाउँपालिका,पाँचथर | १ |
| | | | | | | | | टेम्केमैयुङ गाउँपालिका,भोजपुर | १ |
| | | | | | | | | रंगेली नगरपालिका,मोरङ | १ |
| | | | | | | | | पथरी शनिश्चरे नगरपालिका,मोरङ | १ |
| | | | | | | | | धनपालथान गाउँपालिका,मोरङ | १ |
| | | | | | | | | सभापोखरी गाउँपालिका,संखुवासभा | १ |
| | | | | | | | | चिचिला गाउँपालिका,संखुवासभा | १ |
| | | | | | | | | देवानगञ्ज गाउँपालिका,सुनसरी | १ |
| | | | | | | | | हरिनगर गाउँपालिका, सुनसरी | १ |
| | | | | | | | | महाकुलुङ गाउँपालिका,सोलुखुम्बु | १ |

| क्र.स. | विज्ञापन नम्बर | किसिम | पद | तह | सेवा | समूह/उपसमूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | खुम्बु पासाङल्हामु गाउँपालिका,सोलुखुम्बु | १ |
| ४ | ७५/२०७९-८० | मधेसी | सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | ११ | कटारी नगरपालिका,उदयपुर | १ |
| | | | | | | | | वेलका नगरपालिका,उदयपुर | १ |
| | | | | | | | | सुनकोशी गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | चम्पादेवी गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | सिरिजङ्घा गाउँपालिका,ताप्लेजुङ | १ |
| | | | | | | | | महालक्ष्मी नगरपालिका,धनकुटा | १ |
| | | | | | | | | साँगुरीगढी गाउँपालिका,धनकुटा | १ |
| | | | | | | | | हतुवागढी गाउँपालिका,भोजपुर | १ |
| | | | | | | | | आमचोक गाउँपालिका,भोजपुर | १ |
| | | | | | | | | धनपालथान गाउँपालिका,मोरङ | १ |
| | | | | | | | | चैनपुर नगरपालिका,संखुवासभा | १ |
| ५ | ७६/२०७९-८० | दलित | सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | २ | हतुवागढी गाउँपालिका,भोजपुर | १ |
| | | | | | | | | धरान उपमहानगरपालिका,सुनसरी | १ |
| ६ | ७७/२०७९-८० | खुला | सहायक | ५ | न्याय | कानून | २ | गौरादह नगरपालिका,झापा | १ |
| | | | | | | | | फालेलुङ गाउँपालिका,पाँचथर | १ |
| ७ | ७८/२०७९-८० | खुला | महिला विकास निरीक्षक | ५ | विविध | | १ | फालेलुङ गाउँपालिका,पाँचथर | १ |
| ८ | ७९/२०७९-८० | आ.प्र. | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | १३ | वेलका नगरपालिका, उदयपुर | १ |
| | | | | | | | | ताप्ली गाउँपालिका, उदयपुर | १ |
| | | | | | | | | लिखु गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | हलेसी तुवाचुङ नगरपालिका, खोटाङ | १ |
| | | | | | | | | गौरीगंज गाउँपालिका, झापा | १ |
| | | | | | | | | चौविसे गाउँपालिका, धनकुटा | १ |
| | | | | | | | | आमचोक गाउँपालिका,भोजपुर | १ |
| | | | | | | | | हतुवागढी गाउँपालिका, भोजपुर | १ |
| | | | | | | | | रतुवामाई नगरपालिका, मोरङ | १ |
| | | | | | | | | रंगेली नगरपालिका, मोरङ | १ |
| | | | | | | | | सभापोखरी गाउँपालिका, संखुवासभा | १ |
| | | | | | | | | चैनपुर नगरपालिका, संखुवासभा | १ |
| | | | | | | | | देवानगञ्ज गाउँपालिका, सुनसरी | १ |
| | | | लेखा सहायक | ४ | प्रशासन | लेखा | १ | धरान उपमहानगरपालिका,सुनसरी | १ |
| ९ | ८०/२०७९-८० | खुला | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | ४२ | सन्दकपुर गाउँपालिका, इलाम | १ |
| | | | | | | | | फाकफोकथुम गाउँपालिका, इलाम | १ |
| | | | | | | | | कटारी नगरपालिका, उदयपुर | १ |
| | | | | | | | | वेलका नगरपालिका, उदयपुर | १ |
| | | | | | | | | ताप्ली गाउँपालिका, उदयपुर | १ |
| | | | | | | | | सुनकोशी गाउँपालिका, ओखलढुङ्गा | १ |
| | | | | | | | | मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुङ्गा | १ |
| | | | | | | | | खिजिदेम्बा गाउँपालिका, ओखलढुङ्गा | १ |
| | | | | | | | | लिखु गाउँपालिका,ओखलढुङ्गा | ३ |
| | | | | | | | | हलेसी तुवाचुङ नगरपालिका, खोटाङ | १ |

| क्र.स. | विज्ञापन नम्बर | किसिम | पद | तह | सेवा | समूह/उपसमूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | केपिलासगढी गाउँपालिका, खोटाङ | १ |
| | | | | | | | | गौरादह नगरपालिका, झापा | १ |
| | | | | | | | | आठराई त्रिवेणी गाउँपालिका, ताप्लेजुङ | १ |
| | | | | | | | | मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ | १ |
| | | | | | | | | फूङलिङ नगरपालिका, ताप्लेजुङ | १ |
| | | | | | | | | पाथिभरा याङवरक गाउँपालिका, ताप्लेजुङ | १ |
| | | | | | | | | लालीगुँरास नगरपालिका, तेह्रथुम | २ |
| | | | | | | | | महालक्ष्मी नगरपालिका, धनकुटा | १ |
| | | | | | | | | पाख्रिबास नगरपालिका, धनकुटा | १ |
| | | | | | | | | चौविसे गाउँपालिका, धनकुटा | १ |
| | | | | | | | | फालेलुङ गाउँपालिका, पाँचथर | २ |
| | | | | | | | | षडानन्द नगरपालिका, भोजपुर | २ |
| | | | | | | | | आमचोक गाउँपालिका,भोजपुर | २ |
| | | | | | | | | हतुवागढी गाउँपालिका, भोजपुर | २ |
| | | | | | | | | अरुण गाउँपालिका, भोजपुर | १ |
| | | | | | | | | रतुवामाई नगरपालिका, मोरङ | ३ |
| | | | | | | | | पथरी शनिश्चरे नगरपालिका, मोरङ | १ |
| | | | | | | | | धनपालथान गाउँपालिका, मोरङ | २ |
| | | | | | | | | चिचिला गाउँपालिका, संखुवासभा | १ |
| | | | | | | | | हरिनगर गाउँपालिका, सुनसरी | १ |
| | | | | | | | | खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १ |
| | | | | | | | | नेचा सल्यान गाउँपालिका, सोलुखुम्बु | १ |
| | | | लेखा सहायक | ४ | प्रशासन | लेखा | ३ | पथरी शनिश्चरे नगरपालिका, मोरङ | १ |
| | | | | | | | | धरान उपमहानगरपालिका,सुनसरी | २ |
| १० | ८१/२०७९-८० | महिला | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | ८ | वेलका नगरपालिका, उदयपुर | १ |
| | | | | | | | | ताप्ली गाउँपालिका, उदयपुर | १ |
| | | | | | | | | हलेसी तुवाचुङ नगरपालिका, खोटाङ | १ |
| | | | | | | | | गौरीगंज गाउँपालिका, झापा | १ |
| | | | | | | | | गौरादह नगरपालिका, झापा | १ |
| | | | | | | | | फूङलिङ नगरपालिका, ताप्लेजुङ | १ |
| | | | | | | | | पाख्रिबास नगरपालिका, धनकुटा | १ |
| | | | | | | | | रतुवामाई नगरपालिका, मोरङ | १ |
| | | | लेखा सहायक | ४ | प्रशासन | लेखा | २ | षडानन्द नगरपालिका, भोजपुर | १ |
| | | | | | | | | धरान उपमहानगरपालिका,सुनसरी | १ |
| ११ | ८२/२०७९-८० | आ.ज. | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | १७ | सन्दकपुर गाउँपालिका, इलाम | १ |
| | | | | | | | | माङसेबुङ गाउँपालिका, इलाम | १ |
| | | | | | | | | चम्पादेवी गाउँपालिका, ओखलढुङ्गा | १ |
| | | | | | | | | मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुङ्गा | १ |
| | | | | | | | | वराहपोखरी गाउँपालिका, खोटाङ | १ |
| | | | | | | | | मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ | १ |
| | | | | | | | | मैवाखोला गाउँपालिका, ताप्लेजुङ | १ |

| क्र.स. | विज्ञापन नम्बर | किसिम | पद | तह | सेवा | समूह/उपसमूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | पाथिभरा याङवरक गाउँपालिका, ताप्लेजुङ | १ |
| | | | | | | | | लालीगुँरास नगरपालिका, तेह्रथुम | १ |
| | | | | | | | | फालेलुङ गाउँपालिका, पाँचथर | १ |
| | | | | | | | | षडानन्द नगरपालिका, भोजपुर | १ |
| | | | | | | | | रतुवामाई नगरपालिका, मोरङ | १ |
| | | | | | | | | धनपालथान गाउँपालिका, मोरङ | १ |
| | | | | | | | | मकालु गाउँपालिका, संखुवासभा | १ |
| | | | | | | | | चिचिला गाउँपालिका, संखुवासभा | १ |
| | | | | | | | | खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १ |
| | | | | | | | | नेचा सल्यान गाउँपालिका, सोलुखुम्बु | १ |
| | | | लेखा सहायक | ४ | प्रशासन | लेखा | १ | धरान उपमहानगरपालिका,सुनसरी | १ |
| १२ | ८३/२०७९-८० | मधेसी | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | ९ | कटारी नगरपालिका, उदयपुर | १ |
| | | | | | | | | खिजीदेम्वा गाउँपालिका, ओखलढुङ्गा | १ |
| | | | | | | | | लिखु गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | लालीगुरास गाउँपालिका, तेह्रथुम | १ |
| | | | | | | | | आमचोक गाउँपालिका,भोजपुर | १ |
| | | | | | | | | हतुवागढी गाउँपालिका, भोजपुर | १ |
| | | | | | | | | रतुवामाई नगरपालिका, मोरङ | १ |
| | | | | | | | | धर्मदेवी नगरपालिका, संखुवासभा | १ |
| | | | | | | | | चैनपुर नगरपालिका, संखुवासभा | १ |
| १३ | ८४/२०७९-८० | दलित | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | २ | लिखु गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | आमचोक गाउँपालिका,भोजपुर | १ |
| १४ | ८५/२०७९-८० | खुला | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | ८ | माङसेबुङ गाउँपालिका,इलाम | १ |
| | | | | | | | | सुनकोशी गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | लिखु गाउँपालिका,ओखलढुङ्गा | १ |
| | | | | | | | | मिक्वाखोला गाउँपालिका,ताप्लेजुङ | १ |
| | | | | | | | | आठराई गाउँपालका,तेह्रथुम | १ |
| | | | | | | | | टेम्केमैयुङ गाउँपालिका,भोजपुर | १ |
| | | | | | | | | खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १ |
| | | | | | | | | नेचासल्यान गाउँपालिका,सोलुखुम्बु | १ |
| १५ | ८६/२०७९-८० | महिला | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | ७ | खिजीदेम्वा गाउँपालिका, ओखलढुङ्गा | १ |
| | | | | | | | | मैवाखोला गाउँपालिका,ताप्लेजुङ | १ |
| | | | | | | | | सिरिजङ्गा गाउँपालिका,ताप्लेजुङ | १ |
| | | | | | | | | अरुण गाउँपालिका,भोजपुर | १ |
| | | | | | | | | मकालु गाउँपालिका,संखुवासभा | १ |
| | | | | | | | | चिचिला गाउँपालिका,संखुवासभा | १ |
| | | | | | | | | चैनपुर नगरपालिका,संखुवासभा | १ |

**लिखित परीक्षा कार्यक्रम**

| क्र.स. | सेवा | समूह | तह | पद | लिखित परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम चरण | द्वितीय चरण |
| १ | प्रशासन | सामान्य प्रशासन/लेखा/आन्तरिक लेखा परीक्षण | ५ | **सहायक/लेखा सहायक/आन्तरिक लेखा परीक्षण सहायक** | २०८०/०२/२० बिहान ८:०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दा सूचना प्रकाशन गरिनेछ। |
| २ | न्याय | कानून | ५ | **सहायक** | २०८०/०२/२४ बिहान ८:०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दा सूचना प्रकाशन गरिनेछ। |
| ३ | विविध | | ५ | **महिला विकास निरीक्षक** | २०८०/०२/२७ बिहान ८:०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दा सूचना प्रकाशन गरिनेछ। |
| ४ | प्रशासन | सामान्य प्रशासन/लेखा | ४ | **सहायक/लेखा सहायक** | २०८०/०३/०२ बिहान ८:०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दा सूचना प्रकाशन गरिनेछ। |
| ५ | विविध | | ४ | **सहायक महिला विकास निरीक्षक** | २०८०/०३/०९ बिहान ८:०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दा सूचना प्रकाशन गरिनेछ। |
| ६ | प्रशासन | सामान्य प्रशासन/लेखा (आन्तरिक प्रतियोगिता) | ४ | **सहायक/लेखा सहायक** | - | पछि निर्धारण गरिनेछ। |

परीक्षाको किसिमः- लिखित, कम्प्युटर सिप परीक्षण र अन्तर्वार्ता।

परीक्षा केन्द्रः- प्रदेश नं. १, विराटनगर

परीक्षा दस्तुरः- प्रत्येक विज्ञापनका लागि देहाय अनुसार दरखास्त दस्तुर बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका तोकिएको थप दस्तुर बुझाउनु पर्नेछ।

| | |
|---|---|
| तह ५ का लागि रु. ४०० | तह ४ का लागि रु. ३०० |
| समावेशी प्रत्येक समूह रु. २०० | समावेशी प्रत्येक समूह रु. १५० |

दरखास्त दिने अन्तिम मितिः- २०७९/१०/१५ गते र दोब्बर दस्तुर तिरी २०७९/१०/२२ गतेसम्म।

दरखास्त दस्तुर बुझाउने स्थान र विधिः-

**अनलाइन मार्फत दरखास्त दस्तुर बुझाउने विधिः**

आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म submit गरी सकेपछि देखिने "ok" बटनमा click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस" link मा click गर्ने। त्यसपछि देखिने box मा आफुलाई पायक पर्ने बैङ्क छनौट गरी "अनलाईन भुक्तानी" छनौट गर्ने र "अर्को" मा click गर्ने। त्यसपछि आउने स्क्रिनबाट Connect IPS Radio button मा click गरी "रकम भुक्तानी गर्नुहोस" बटनमा click गर्ने। त्यसपछी आउने स्क्रिनबाट Connect IPS प्रणालीमा login गरी आफ्नो बैंक खाता छानी सोझै दस्तुर बुझाउन सकिने छ। Connect IPS को सेवा प्रयोग गर्नु पूर्व एक पटक www.connectips.com मा गई Sign up गर्नका साथै उक्त प्रणालीसँग जोडिएका बैङ्कहरुमध्ये आफ्नो खाता रहेको बैंकको खातालाई link गरी सो बैंकबाट verify गराइएको हुनुपर्नेछ।

**बैङ्क मार्फत नगद दरखास्त दस्तुर बुझाउने विधिः**

आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म submit गरी सकेपछि "ok" बटनमा click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस" link मा click गर्ने। त्यसपछि देखिने box मा आफुलाई पायक पर्ने बैङ्क छनौट गरी "अफलाईन भुक्तानी"मा छनौट गरी "अर्को"मा click गर्ने। देखिएको पेजमा "भौचर जेनेरेट गर्नको लागि यहाँ क्लिक गर्नुहोस" button मा click गर्ने। त्यसपछि तपाइको भौचर जेनेरेट हुनेछ। उक्त भौचर प्रिन्ट गरी छनौट गरेको बैंकको नजिकको शाखामा गई भौचर पेश गरी रकम

बुझाउन सकिन्छ। उक्त भौचर बिना बैंकहरुले नगद नबुझ्ने भएकोले अनिवार्य रुपमा भौचर प्रिन्ट गरी साथै लिई जानु पर्नेछ। उल्लेखित बैंकहरुका नेपाल भरीका सबै शाखाहरुबाट नगद बुझाउन सकिने छ।

दरखास्त दस्तुर बुझाउने अवधिः- अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

दरखास्तको माध्यमः- विज्ञापित सबै पदहरुमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.p1.gov.np बाट हेर्न सकिने छ।

उम्मेदवारको उमेरको हदः- २०७९/१०/१५ गतेसम्म १८ बर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० बर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीहरुको हकमा उमेरको हद लाग्ने छैन।

पेश गर्नुपर्ने कागजातहरुः- उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ ।सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको दुवै भाग स्क्यान गरी JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ।

**दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।**

अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- स्थानीय सरकारी सेवाको कानून बमोजिम।

तलवः- सम्बन्धित स्थानीय तहले तोके अनुसार।

**आवश्यक न्यूनतम योग्यताः**

१. **सहायक, तह ५, प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण
२. **लेखा सहायक, तह ५, प्रशासन सेवा, लेखा समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा प्रविणता प्रमाणपत्र वा अर्थशास्त्र, गणित वा तथ्याङ्क शास्त्र वा जन प्रशासन मध्ये कुनै एक मुल विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण।
३. **आन्तरिक लेखा परीक्षण सहायक, तह ५, प्रशासन सेवा, लेखा परीक्षण समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यपार प्रशासन वा वाणिज्य शास्त्र विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण ।
४. **सहायक, तह ५, न्याय सेवा, कानून समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण।
५. **महिला विकास निरीक्षक, तह ५, विविध सेवाः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण।
६. **सहायक, तह ४, प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (एस.एल.सी) वा सो सरह उतीर्ण ।
७. **लेखा सहायक, तह ४, प्रशासन सेवा, लेखा समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन श्रेस्ता वा ऐच्छिक लेखा विषय लिई प्रवेशिका परीक्षा (एस.एल.सी) वा सो सरह उतीर्ण।
८. **सहायक महिला विकास निरीक्षक, तह ४, विविध सेवाः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उतीर्ण

**नोटः ग्रेडिङ प्रणाली लागु भए पश्चात प्रवेशिका परीक्षा (एस.एल.सी वा सो सरह) परीक्षा उतिर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सो भन्दा माथीको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई र माध्यमिक शिक्षा परीक्षा (S.L.C.E.) उतिर्ण गर्ने उम्मेदवारहरुको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम $D^+$ र C.G.P.A. 1.6 प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हासिल गरेको मानिनेछ।**

## आन्तरिक प्रतियोगिताको लागि विशेष सूचनाः

१. आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने प्रशासन सेवा, सामान्य प्रशासन//लेखा समूह, सहायकस्तर चौथो तह, सहायक पदमा निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको सहायकस्तर चौथो तह भन्दा एक तहमुनि वा श्रेणिविहिन पदमा स्थायी रुपमा कार्यरत कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन।

२. सहायकस्तर चौथो तहको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र निजामती सेवा ऐन,२०४९ को दफा ७ को उपदफा (६) र दफा २१ को उपदफा (१) वमोजिम न्यूनतम सेवा अवधि (तीन वर्ष) पूरा गरेको हुनुपर्नेछ ।
(तर महिला,आदिवासी/जनजाती, मधेसी,दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भई निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा उल्लेखित सेवा अवधिमा एक वर्ष कम भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन्।)
३. निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम उम्मेदवार हुनको लागि अयोग्यता नभएको हुनुपर्नेछ ।
४. पहिलेको सेवा अवधिको गणना सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १२३ बमोजिम हुनेछ । सो को लागि सेवा अवधि प्रमाणित भएको हुनुपर्नेछ ।
५. दरखास्त फाराम भर्दा आफ्नो सेवा सम्बन्धी विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

**खुला तथा समावेशी परीक्षाको लागि सूचनाः**

१. प्रचलित निजामती सेवा सम्बन्धी कानून (निजामती सेवा ऐन, २०४९ को दफा १०) बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
२. प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा परीक्षा हुने पदहरुका लागि प्रथम चरणमा उतीर्ण गरेका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणमा सहभागी गराइने छ।
३. प्रथम चरण (First phase) को परीक्षामा उतीर्ण हुनको लागि प्रथम चरणको पूर्णाङ्कको ४० (चालिस) प्रतिशत अंक प्राप्त गर्न पर्नेछ।प्रथम चरणको परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको शतप्रतिशत अंक द्वितीय चरण (Second Phase) को परीक्षाको प्राप्ताङ्क जोडी कूल अंकको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।
४. प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै सिटिङ्ग मिति र समयमा हुनेछ।
५. महिला विकास तर्फका पदहरुका लागि महिला मात्र उम्मेदवार हुन पाउनेछन।
६. खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।
७. लिखित परीक्षाबाट छनौट भएका उम्मेवारहरुले कम्प्यूटर सिप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि स्थानीय तहहरुको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नु पर्नेछ। प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्तर्वार्तामा सहभागी गराइने छैन।
८. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
९. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्यूटर सिप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्यूटर सिप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ।सिप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उतिर्ण भएको सवै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
१०.सवै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको स्थानीय तहको प्रथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) **मधेसीका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

ग) **दलितका हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात।

**द्रष्टव्यः**

क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

ख) समान तहको पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त लिइने छैन।

ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपूगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्विकृत गरिने छैन।

घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवम् खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

च) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

छ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपमा खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन।

**ज) उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्विकृती/अस्वीकृती सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।**

**झ) विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरीसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्रहरु छनौट गर्नु पर्नेछ।**

ञ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ट) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

ठ) पाठ्यक्रम आयोगको वेबसाइट psc.p1.gov.np बाट प्राप्त गर्न सकिने छ।

ड) विज्ञापित पदहरु र सो सँग सम्बन्धित स्थानीय तहहरुको पूर्ण विवरण आयोगको वेवसाइटमा प्राप्त गर्न सकिने छ।